# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०३।२६ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

-----------------------------------------------

जिल्ला वन कार्यालय, रुकुम(पश्चिम) का सहायक वन अधिकृत रोहित कुमार शाह र ग्रामीण वित्त सहायक सन्दीप अधिकारीले कबुलियति वनको काममा सहजीकरण गरिदिने बहानामा सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतबाट खटिई गएको टोलीले निजहरुलाई रु.२३,०००।- (तेइस हजार) घुसवापतको रकम लिएको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजहरुले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजहरुलाई बिगो रु.२३,०००।-(तेइस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(मदन कोइराला)
सहायक प्रवक्ता एवं सूचना अधिकारी